केदारस्युँ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देउरा, बझाङ्ग

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या ०७३।०७४ मिति : २०७५।०९।०६

चलानी नं. ३८९

(प्रथम पटक प्रकाशित मिति २०७५।०९।०६)

विषय– महिलाहरुको लागि ३ महिने व्यावसायिक सिलाई कटाई सम्बन्धि तालिम सञ्चालनको लागि प्रस्तावना आह्वान सम्बन्धि सूचना ।

यस गाउँपालिकाको गाउँसभाबाट पूँजीगत - सामाजिक विकास (प्रवर्द्धनात्मक) तर्फ विनियोजित युवा, महिला तथा दलित शशक्तिकरण कार्यक्रम अन्तरगत रहेर महिलाहरुको लागि ३ महिने व्यावसायिक सिलाई कटाई सम्बन्धि तालिम सञ्चालन गर्ने कार्यक्रम रहेको छ । सो कार्यक्रम सञ्चालन गर्नको लागि निम्न सर्तहरुको अधिनमा रहि इच्छुक तथा अनुभवी संघ – संस्थाहरुबाट कार्यक्रमको लागि सिलबन्दी प्रस्तावनापत्र आह्वान गरिएको छ ।

१. युवा, महिला, बालबालिका, दलित वर्गलाई लक्षित वर्ग मानेर विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेका; सामाजिक परिचालन तथा सामाजिक शशक्तिकरणको क्षेत्रमा कार्यहरु गर्दै आइरहेका, व्यावसायिक तालिमहरु सञ्चालन गर्दै आइरहेका/ मनासय भएका संघ संस्थाहरुले आवेदन गर्न सक्नेछन् ।
२. यो सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यक्रमको प्रस्तावना पत्र, संस्था दर्ताको प्रमाण पत्र, नविकरण, वार्षिक करचुक्ताको प्रमाणको प्रतिलिपिहरु पेश गर्नुपर्नेछ ।
३. तालिम अवधि ३ महिनाको रहनेछ । तालिम कार्यक्रममा न्यूनतम १८ जना सहभागिता गराउनुपर्नेछ, सहभागिहरुको लागि तालिम अवधिभर दैनिक खाजा – खाना – बास पकेट खर्च समेत व्यवस्था गर्नुपर्नेछ । तालिमको लागि आवश्यक पर्ने सिलाई – कटाई मेसिन/ औजारहरु गाउँपालिकाले उपलब्ध गराउने छ ।
४. तालिममा सहभागीहरुको छनौट गाउँपालिका आफैले गर्नेछ ।
५. तालिम कार्यक्रम केदारस्युँ गाउँपालिका वडा नं. १, देउरा बझाङ्गमा सञ्चालन गर्नुपर्नेछ ।
६. बुँदा नं. २ मा भएका कागजातहरु एवं प्रस्तावनापत्र दर्ता शुल्क रु. १०००।- राष्ट्रिय वाणिज्य बैंक, चैनपुर, बझाङ्ग स्थित यस कार्यालयको राजस्व खाता नं. ग ५-१/ ४११०३०५०१९१११ वा यस कार्यालयको लेखा शाखामा जम्मा गरी सो को भौचर संलग्न राखि हुलाक, स्वयं/प्रतिनिधि उपस्थित भइ प्रस्तावना पत्र दर्ता गर्न सकिने छ ।
७. प्राप्त शिलबन्दी प्रस्तावनापत्रहरु यो सूचना प्रकाशन भएको मितिले १६औँ दिन यस गाउँकार्यपालिकाको कार्यालयमा दिनको ठिक ३:०० बजे प्रस्तावकहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ र सो दिन विदा परेमा सो को भोलिपल्ट सोही स्थान र समयमा प्रस्तावनापत्रहरु खोलिनेछ । तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
८. यस बाहेक कार्यक्रमका बारेमा अन्य कुराहरु बुझ्नुपरेमा कार्यालय समयमा केदारस्युँ गाउँकार्यपालिकाको कार्यालय, देउरा, बझाङ्गमा वा सम्पर्क नं. ९८५८४५४८३५ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नि ।